श्री ५ को सरकार

## गृह पंचायत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कारागार निर्माण गर्नको लागि कोशी अञ्चल, तेह्रथुम जिल्ला, म्याग्लुङ्ग गाउं पञ्चायत वडा नं. १ अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व अस्पताल जाने मूल बाटो, पश्चिम वीरबहादुरको जग्गा र गोरेटो बाटो, उत्तर रनबहादुरको जग्गा र दक्षिण वीरबहादुरको जग्गा यति चार किल्लाभित्र पर्ने पूर्व १४२, पश्चिम १४०, उत्तर १५२, दक्षिण १२१ फीट लम्बाई र चौडाई क्षेत्रफल भएको देढल लिम्बु दर्ता तिरो रू. १।– (एक रूपैयाँ) लाग्ने किपट पाखो जम्मा जग्गा रोपनी ४–०–० (चार रोपनी) को कित्ता ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३२